बुलिङटार गाँउपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
बुलिङटार, नवलपरासी (बर्दघाट सुस्ता पूर्व)

**Website:** www.bulingtarmun.gov.np
**Email:** info@bulingtarmun.gov.np
**Ph.:** 9857070107

गण्डकी प्रदेश, नेपाल ।

पत्र सख्याः ०७७/०७८
चलानी नं. :

मितिः २०७८।०३।१८

प्रेस विज्ञप्ती ।

सृष्टिकाल देखि नै पृथ्वी र ब्रह्माण्डको अस्तित्व प्रकृतिसँग निर्भर रहेको छ। प्रकृतिका अनेकौ उपहारमध्ये नदिनाला पनि अनुपम उपहारको रुपमा रहेका छन्। नदिनालाहरु, जलचर प्राणीहरुको बासस्थान मात्र हैन, मानविय जीवनसँग प्रत्यक्ष गाँसिएका चीजहरु हुन्। मानिसलाई पिउने पानी देखि, सिंचाई, नहर, पर्यापर्यटन, विद्युत लगायत अन्य कुराहरुको आपूर्ति र मानविय आवश्यकता पुरा गर्न नदिहालाको महत्वपूर्ण भूमिका रहेको छ, यिनीहरुको अस्तित्व विना मानवीय जिवन संभव छैन।

परम्परादेखि चल्दै आएको धर्म सस्कृतिको मानविय सभ्यताको उदगम स्थल, यहाँ मात्र पाइने दुर्लभ शालीग्राम, हिमालदेखि तराई सम्म सिंचन गर्दै अविरल रुपमा स्वच्छ र निर्मल रुपमा बगिरहने, मानवीय जीवनलाई प्राण दिने, विभिन्न जलचर र माछा, लोपोन्मुख गोहिको वासस्थान, नदिको प्रवाह सँगै निस्कने कर्णपृय धुन, हरियाली वातावरण, नदिजन्य पद्धार्थ सुनको रुपमा रहेको गिटी, बालुवा, ढुंगा जस्ता चीजले धार्मिक नदि कालिगण्डकीको आफ्नै गर्विलो इतिहास र वर्तमान रहेको छ।

यस गाउँपालिकामा कालिगण्डकी नदिमा आश्रित अल्पसंख्यक बोटे, माझी, दराई, कुमाल जाति जस्ताको जीविकोपार्जनको आधार, लिफ्टिङ खानेपानी सिंचाई, मोटरबोट, सिंचाई कुलो, नहर विद्युतजस्ता मानविय आवश्यकता पूर्ति गर्ने कालिगण्डकी नदिको महत्व भावि पुस्तासँग समेत जोडिएको छ। विकासले वातावरणिय सन्तुलन कायम गर्दै दिगो विकासलाई प्रश्रय दिनुपर्छ र प्रकृति र वातावरणको अधिकार भावीपुस्तालाई उपभोग गर्नबाट वंचित गरिनु हुन्न भन्ने समेत यस गाउँपालिकाको आफ्नो अवधारणा रहेको छ।

विगत केहि समय देखि विश्वकै अति महत्वपूर्ण र आस्था, धर्म संस्कृति वातावरणसँग जोडिएको कालीगण्डकी नदिलाई डाईभर्सन गर्न हालका माननिय अर्थमन्त्री विष्णु पौडेलले कालिगण्डकी-तिनाउ डाइभर्सन वहुउद्देश्यिय परियोजनाको उद्घाटन गरेको विषयमा यस गाउँपालिकाको गम्भिर ध्यानाकर्षण भएको छ। प्रकृतिको चरम दोहन गर्दै विकासको नाममा नदिलाई प्राकृतिक रुपमा बग्न नदिएर उस्को प्रवाहलाई रोकेर अन्यत्रै मोडेर लैजानु क्षम्य हुन सक्दैन्। समस्त बुलिङटारबासीयो सँग आश्रित अन्य पालिका र सरोकारवालाको लागि यस्ता कुराहरुले मर्माहत बनाएको व्यहोरा यस विज्ञप्ति मार्फत विरोधको जानकारी गराउदै अविलम्ब प्रकृतिलाई नै चुनौति दिने गरी नदिको वहाब रोकी अन्यत्रै पुर्याउने कार्य रोक्न र त्यस्ता कार्यको घोर निन्दा र भर्त्सना गर्दछौ। वातावरणीय सन्तुलन कायम राख्न सहयोग पुर्याउने वातावरण विद्, सर्वसाधारण नागरिक, सरोकार वाला व्यक्ति र निकायको ध्यानाकर्षण गर्दै यस्ता कार्यको भर्त्सना गर्दै विरोधमा सहयोग पुर्याउन समेत हार्दिक अपिल गर्दछौं।

..........................
शशिकिरण बस्ताकोटी
अध्यक्ष